# भारतमा चट्याङका कारण ६४ जनाको मृत्यु

**एजेन्सी**
**नयाँदिल्ली, २८ असार**



उत्तर भारतका विभिन्न ठाउँमा भएको चट्याङसहितको वर्षाका कारण कम्तीमा ६४ जनाको मृत्यु भएको छ। उत्तर प्रदेशमा चट्याङ लागेर ४४ जनाको ज्यान गएको छ। चट्याङसहित परेको भारी वर्षाका क्रममा अन्य ४७ जना घाइते भएका छन्। मृत्यु हुनेमा प्रयागराजमा १४, कानपुर देहात र फतेपुरमा पाँच-पाँच तथा कौशान्बीमा चारजनालगायत छन्। अधिकारीहरूका अनुसार यी क्षेत्रमा दुई सयभन्दा बढी गाइवस्तु मरेका छन्। मुख्यमन्त्री योगी आदित्यनाथले थुप्रै जिल्लामा चट्याङबाट ठूलो मानवीय क्षति भएको बताउनुभएको छ।

यस्तै राजस्थानमा चट्याङ परेर कम्तीमा २० जनाको मृत्यु भएको छ। त्यहाँ २१ जना घाइते भएका छन्। जयपुरस्थित आमेर किल्लाको भ्यु टावरमा चट्याङका पर्दा १२ जनाको मृत्यु भएको छ। कोटा जिल्लामा बालबालिकासहित आठजनाको मृत्यु भएको जनाइएको छ।


# गुड्दै गर्दा वायुबाट प्रदूषण कम गर्ने कार प्रदर्शनीमा

**एजेन्सी**
**लण्डन, २८ असार**

गुड्दै गर्दा वायुबाट प्रदूषण कम गर्ने कार प्रदर्शनीमा राखिएको छ। यो कार ब्रिटेनको गुडवुड फेस्टिभल अफ स्पीडमा प्रदर्शनीमा राखिएको हो।

ब्रिटिश डिजाइनर थोमस हिथरविकले निर्माण गरेको एरो कार सन् २०२३ मा चीनमा उत्पादन हुने बताइएको छ। सो कार प्रदूषण कम गर्ने गरीमात्र नभई ठाउँको पनि बचत हुनेगरी बनाइएको हिथरविकले बताउनुभएको छ। तर आलोचकहरूले यो कार प्रदर्शनीका लागि मात्रै उपयुक्त हुने भन्दै शंका व्यक्त गरेका छन्।

गत एप्रिलमा सांघाई कार प्रदर्शनीमा पहिलोपटक देखाइएको सो कारमा ठूलो सिसाको छानो छ। भित्र भने कोठा जस्तो गरी यताउता सार्न र खाट बनाउन



मिल्ने मेच र खाना वा बैठकका लागि सानो टेबुल छ। यसको ह्यान्डल लुकाउन मिल्छ र बाहिर पानीको छालजस्तो बनाइएको छ। यो कार मानिसले चलाउन मिल्ने र आफैं चल्ने खालको उत्पादन गरिने बताइएको छ।

# मित्सुबिसीले तिऱ्यो उत्सर्जन जालसाजीको अभियोगमा दुई करोड ५० लाख युरो जरिवाना

**एजेन्सी**
**टोकियो, २८ असार**

जापानी गाडी निर्माता मित्सुबिसी मोटर्सले यस वर्षको सुरुमा उत्सर्जन जालसाजी गरेको भनी जर्मन अभियोजकहरूले लगाएको अभियोगका लागि दुई करोड ५० लाख युरो जरिवाना तिरेको जनाएको छ। जापानी गाडी निर्माता कम्पनीले सोमबार जरिवानाबारे पुष्टि गरेको हो।

जर्मन अधिकारीहरूले गतवर्ष मित्सुबिसी कारहरू संलग्न भएको संदिग्ध डिजेल उत्सर्जनको अनुसन्धानको भागको रूपमा १० वटा स्थलहरूमा छापा मारेका थिए। मित्सुबिशी मोटर्सले सोमबार




फ्रान्कफर्ट अभियोजन कार्यालयले मार्चको अन्तिम साता दुई करोड ५० लाख युरो जरिबाना सूचना जारी गरेको जनाएको छ।

# ब्यंग्य: 'कठै चार वर्ष लगाएर कस्तो संविधान बनाएछन् ?'

**हिमालय टाइम्स**
**काठमाडौं, २८ असार**

सर्वोच्च अदालतले प्रतिनिधसभा पुन:स्थापना गरेसँगै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परामादेश दिएको छ। यो सँगै नेपाली राजनीति बृत्तमा सोमबार उथलपुथल नै भयो। देशभर विभिन्न ठाउँमा नारा जुलुस चले।

अहिले प्रतिनिधि सभा पुन:स्थापनासँगै हाल फैसलाको पक्ष र विपक्षमा बहस भइरहेका छन्।

यसैबीच राजनीतिमा चासो राख्ने कलाकारले यस विषयमा सामाजिक सञ्जालमा विभिन्न टिकाटिप्पणी गरिरहनुभएको छ। कलाकार दीपकराज गिरीले प्रधानमन्त्री जो भए पनि देशको अवस्था उस्तै रहने बताउनु भएको छ। उहाँले संविधान निर्माणमाथि नै प्रश्न उठाउँदै भन्नुभएको छ, 'कठै चार वर्ष लगाएर कस्तो संविधान बनाएछन् ?' यस्तै, हास्य कलाकार मनोज गजुरेलले पनि सर्वोच्च अदालतको निर्णयलाई अचम्मको निर्देशन भनी टिप्पणी गर्नुभएको छ। उहाँले नेपालका राजनीतिक दलहरूलाई टम एण्ड जेरी, मुसो र बिरालोसँग तुलना गर्नुभएको छ। उहाँले लेख्नुभएको छ, 'अचम्म निर्देशन : अनौठा फिलिम, टम एण्ड जेरी ! मुसो र बिरालो !



ओली र अन्य ! अदालत र देउवा ! त्यसपछि, को र के ? भविष्यवाणी गर्नुहोस् ।'

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको प्रतिनिधिसभा विघटनलाई असंवैधानिक भन्दै सर्वोच्चले बदर गरेको हो।

आदेशमा एक साताभित्र प्रतिनिधि सभा आह्वान गर्न भनिएको छ। आदेश अनुसार अब आगामी साउन ३ गते अपराह्न ५ बजेभित्र प्रतिनिधिसभा आह्वान गरिसक्नुपर्नेछ। २०७८ साल जेठ ७ गते रातिका सम्पूर्ण कामकारबाही उत्पेषणको आदेशले बदर हुनेछ भनिएको छ। त्यसैगरी, प्रधानन्यायधीश चोलेन्द्र शमशेर जबरासहित न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र आनन्दमोहन भट्टराईको इजलासले निवेदनकको माग बमोजिम कांग्रेस सभापति शेरबहाखदुर देउवालाई दुई दिनभित्र प्रधानमन्त्री बनाउन परमादेशसमेत जारी गरेको छ। अदालतले भोलि २९ गते साँझ ५ बजेसम्म देउवालाई विधि र प्रक्रिया पूरा गरी प्रधानमन्त्रीमा नियुक्त गर्न राष्ट्रपति कार्यलययलाई परमादेश जारी गरेको हो।

## सर्वोच्चको फैसलापछि मनीषाको प्रश्नः 'निर्णय कसले कार्यान्वयन गर्छ ?'

**हिमालय टाइम्स**
**काठमाडौं, २८ असार**

सर्वोच्च अदालतले प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रोपटक गरेको प्रतिनिधिसभा विघटन बदर गरेपछि राजनीतिक माहौल तातेको छ। अदालतको आदेशका पक्ष र विपक्षमा सामाजिक सञ्जालमा विभिन्न किसिमका प्रतिक्रिया आइरहेका छन्। यही परीप्रेक्ष्यमा



बलिउड अभिनेत्री तथा नेपाली चेली मनीषा कोइरालाले ट्वीटरमा एक ट्वीट गर्नुभएको छ, 'अब कसले निर्णय लागू गर्नेछ ?' उहाँको यो ट्वीट सर्वोच्च अदालतको आदेशप्रति लक्षित थियो भन्ने प्रष्ट बुझ्न सकिन्छ।

मनीषा नेपाली राजनीतिमा पनि चासो राख्नुहुन्छ। जननिर्वाचित नेपालका पहिलो प्रधामन्त्री बीपी कोइरालाकी नातिनी मनीषाले ट्वीटरमार्फत लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर नेपालको नयाँ राजनीतिक नक्सा सार्वजनिक गर्न सरकारले गरेको निर्णयलाई समर्थन गर्नुभएको थियो। उहाँको यो समर्थनप्रति नेपालमा स्वागत गरिए पनि भारतीय सञ्चारमाध्यमले तीखो आलोचना गरेका थिए।

## फाइटरमा ऋतिकको जोडी दीपिका



**मुम्बई (एजेन्सी)।** बलिउड अभिनेता ऋतिक रोशन र अभिनेत्री दीपिका पादुकोण आउँदो चलचित्र 'फाइटर'मा जोडीको रूपमा देखिँदै हुनुहुन्छ। चलचित्र 'ब्यांग ब्यांग' र 'वार' पछि निर्देशक सिद्धार्थ आनन्दले निर्देशन गर्न लागेको चलचित्र फाइटर'मा ऋतिक र दीपिका पहिलो पटक जोडीका रूपमा देखिँदै हुनुहुन्छ।

चलचित्रको अफिसियल घोषणा क्रिटिक्स तरण आदर्शले गर्नुभएको छ। चलचित्रको रिलिज मिति ३० सेप्टेम्बर २०२२ बताइएको छ। यो भारतको पहिलो एरियल एक्सन फ्रेन्चाई फाइटर चलचित्र हो। चलचित्र वायकोम १८ स्टुडियो, ममता आनन्द, रमोन छिब र अंकु पाण्डेले निर्माण गर्न लाग्नुभएको हो। विश्वका कयौ लोकेशनमा खिचिने बताइएको चलचित्रको कथा सशस्त्र सेनाको देशप्रेम, त्याग र विरतामा आधारित रहनेछ। ऋतिकले गत १० जनवरीमा आफ्नो जन्मदिनको अवसर पारेर चलचित्रको घोषणा गर्नुभएको थियो। सो समय चलचित्रको एक टिजर समेत सार्वजनिक गरिएको थियो।

## खुशी कपुरको डेब्युअघि नै चर्चा

**मुम्बई (एजेन्सी)।** बलिउडमा स्टार किड्सहरूको निकै चर्चा हुने गर्छ। कुनै स्टार कलाकारका नातेदारको पनि चर्चा हुन्छ। यस्तै क्रममा नायिका जान्हवी कपुरकी बहिनी खुशी कपुरको चर्चा भइरहन्छ। हासम्म कुनै चलचित्रमा काम नगर्नुभएकी खुशी सामाजिक सञ्जालमार्फत सेलिब्रेटी भइसक्नुभएको छ।

बोनी कपुर तथा श्रीदेवीकी छोरी खुशी सामाजिक सञ्जालमा फोटो पोष्ट गर्नासाथ चर्चामा आउने गर्नुहुन्छ। उहाँले भर्खरै नयाँ तस्वीर शेयर गर्नु भएको छ। निकै प्रतिक्रिया आएका छन्। खुशीले कुनै फोटोमा बेज क्रेप सर्टसँग ट्राउजर लगाएको देखिन्छ। त्यस्तै, हातमा मोतिको ब्रासलेट लगाएको देखिन्छ।



हुप इयर रिङग्स् र सुनको नेकलेसले उहाँको सुन्दरलाई बढाएको छ। खुशीको तस्वीरमा जान्हवीले लेख्नुभएको छ, 'क्विन, के म रुन सक्छु'

आफ्नी आमा र दिदीजस्तै खुशी पनि अभिनेत्री बन्न चाहनुहुन्छ। उहाँले न्यूर्योक फिल्म एकेडेमीबाट पढाइ सक्नुभएको छ। बोनी कपुरले पनि केही समयअघिमात्रै खुशीलाई लन्च गर्ने विषयमा बोल्नुभएको थियो। तर, आफ्नो छोरीलाई हिरोइन लिएर फिल्म बनाउनु बाबुका लागि सधैं चुनौतीपूर्ण रहने गरेको छ। यस्तोमा फिल्ममेकर करण जौहरले खुशीलाई लन्च गर्ने हल्ला छ। जान्हवीसहित धेरै स्टार किड्सलाई उहाले नै डेब्यु गराउनु भएको थियो।

## रेष्टुरेन्टमा रमाउँदै प्रियंका



**मुम्बई (एजेन्सी)।** बलिउड अभिनेत्री प्रियंका चोपडाको चर्चा बलिउडदेखि हलिउडसम्म छ। बलिउडसँगै हलिउका पर्दामा पनि काम गर्नुभएकी प्रियंकाले गायक निकसँग बिहे गरेपछि थप चर्चा पाउनुभयो। विशेषगरी प्रियंकाको सुन्दराको खुवै चर्चा हुनेगर्छ।

यसैबीच अहिले अमेरिकामा प्रियंका र निकले खोलेको रेन्टुरेन्टमा खान आउनेहरूको भीड लाग्ने गरेको छ। विशेष गरी उनीहरूको रेस्टुरेन्टमा इण्डियन खाना पाउने भएकाले मानिसहरूको जमघट बाक्लै हुन्छ। यसैबीच अहिले सामाजिक सञ्जालमा प्रियंका हट अवतारमा आफ्नो रेन्टुरेन्टमा रमाउँदै गरेको तस्वीर शेयर भइरहेको छ। प्रियंकाले आफ्नो इन्स्टाग्राममार्फत आफूले शेयर गरेको तस्वीरमा निकै खुशी देखिनुहुन्छ।


त्रिपुरासुन्दरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ
बागमती प्रदेश, नेपाल
**अनुसूची - २ क**
**(दफा ४ को उपदफा (५) सँग सम्बन्धित )**

**आन्तरिक आय तर्फको नदीजन्य पदार्थको उत्खनन्, निकासी तथा बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०३/२९)**

त्रिपुरासुन्दरी गाउँपालिकाको क्षेत्रभित्र रहेका नदिजन्य पदार्थको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७२ क. को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम स्विकृत IEE प्रतिवेदनले तोकेको क्षेत्रहरुवाट नदीजन्य पदार्थ उत्खनन् गरी त्रिपुरासुन्दरी गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिल बमोजिम सर्तहरुको आधारमा रहि बोलपत्र प्रकृयामा सहभागि हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ (E-bid only)।

**तपशिल**

| सि.नं | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरैटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | Rajasho/ 01/78/79 | मन्पाङ्ग, काष्टेखोला, बुढीगण्डकी, आरुघाट, पटकेघारी, वडा नं. १ र २ को सिमाना रिजालचौतारो सम्म (खण्ड क) | ३,६४,६८३/- | १९,००,०००/- | e-bid को साईटमा अन्य जे लेखिएको भएतापनि धरैटी रकम कवोल रकमको न्युनतम ५ प्रतिशत (५%) हुनुपर्ने छ। | १,०००/- |
| २ | Rajasho/ 02/78/79 | वडा नं. १ र २ को सिमाना रिजालचौतारो देखि, बुट्टार-पांचधारे हुदैं ह्यापिङ्गे खोला दोभान सम्म (खण्ड ख) | ८,५३,७२३/- | ४५,००,०००/- | | १,०००/- |
| ३ | Rajasho/ 03/78/79 | वडा नं. १ र ६ को सिमाना ह्यापिङ्गे खोला दोभानदेखि मगर डांडा, खहरे खोला, लपाङ्ग हाईड्रो बगुवा खोला सम्म (खण्ड ग) | १४,३९,५३९/- | ७५,००,०००/- | | १,०००/- |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फार्म दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको संचित खाता नं ०९४००१०००७४४९ मा नगद जम्मा गरेको नगद भौचर र निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औ दिनमा तोकिएको समय भित्र विद्युतीय माध्यामबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.bolpatara.gov.np** बाट भौचरलाई बोलपत्र सँग सम्बन्धीत कागजातका साथ संलग्न गरि बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।

२. बोलपत्र सम्बन्धीत फार्म भर्दा कवोल रकम अक्षर र अंकमा प्रष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ, E-bid को साईटमा अन्य जे लेखिएको भएतापनि धरैटी रकम कवोल रकमको न्युनतम ५ प्रतिशत (५%) धरौटी रकम यस कार्यालयको मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको धरैटी खाता नं ०९४००१००३७०७५ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड र अन्य आवश्यक कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको **www.balpatara.gov.np** मा पेश गर्नुपर्नेछ।

३. तोकिएको बोलपत्र फार्महरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको तोकिएको समय भित्र विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन रित पूर्वक पर्न आएको बोलपत्र सम्बन्धी कागजातहरु पेश गरिने अन्तिम दिनको भोलिपल्ट तोकिएको समयमा विभिन्न कार्यलयका प्रतिनिधि, निर्माण व्यवसायि तथा निजको प्रतिनिधिहरुको रोवहरुमा यस कार्यालयमा खुलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खुल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन, उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. प्रि.बिड बैंठक मिति २०७८।०४।१० दिन दिनको १२ बजे यस.गाउँपालिकाको कार्यालयमा हुनेछ, इच्छुक बोलपत्र दाताहरुको उक्त बैंठकमा भाग लिई यस सम्बन्धमा बिस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलपल्ट सोहि समयमा हुनेछ।

५. बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र सम्बन्धि फाराममा उल्लेख गरिएको हुँदा सोहि पुस्तीका बाट अवगत गर्न वा यस कार्यलयमा सम्पर्क राख्न सकिनेछ। रित नपुगि वा शर्त सहित पेश हुन नआएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यलयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएको सूचना प्रकासित भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजात समेत लिई सम्पुर्ण कबोल अंक मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको संचित खाता नं ०९४००१०००७४४९ मा सम्पुर्ण कवोल रकम नगद जम्मा गर्ने वा कबोल अंकको प्रथम किस्ता बापत ५ प्रतिशतले हुने रकम संचित खातामा नगद जम्मा गरेको भौचर र बाँकी १०० प्रतिशत हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट कार्यालयको नाममा २०७९ साल साउन मसान्तसम्म म्याद सहित गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेश गरि सम्झौता गरी पट्टा उठाउनुपर्नेछ साथै बोलपत्र कबोल गरिने व्यक्ति वा फर्मले आफुले कबोल गरेको् अंक सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ।

७. तोकिएको म्याद भित्र ठेक्का उठाउन नआएमा राखिएको धरैटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सर्न्दभमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, जारी भएका कानून तथा प्रदेश कानून तथा अन्य सञ्चालित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अगं मानिनेछ।

(**नोट**: विस्तृत जानकारीको लागि यस कार्यालयको **website www.tripurasundarimundhading.com.np** समेत हेर्न सकिनेछ)

**प्रमुख प्रशासकिय अधिकृत**